मिति-२०७४।६।३० गते
समय- दिनको १.० बजे
स्थान- न.पा. बैठक कक्ष
बैठक संख्या -

सिद्धार्थनगर नगरकार्यपालिकाको वोर्ड बैठक नगर प्रमुख हरि प्रसाद अधिकारी ज्यू को अध्यक्षतामा निम्न उपस्थिती मा बस्यो।

उपस्थिती

| | | | |
|---|---|---|---|
| श्री हरि प्रसाद अधिकारी - प्रमुख, सि.न.पा. | | | |
| श्री उमा काफ्ले - उप प्रमुख, सि.न.पा. | | | |
| श्री रमेश मल्ल - | वडा अध्यक्ष | वडा नं. | १ |
| श्री दिपक कुमार थापा - | " | " | २ |
| श्री धनेश्वर पौडेल - | " | " | ३ |
| श्री मुक्तिनाथ यादव - | " | " | ४ |
| श्री चेत बहादुर क्षेत्री - | " | " | ५ |
| श्री विरेन्द्र श्रीवास्तव - | " | " | ६ |
| श्री भिमसेन कर्माचार्य - | " | " | ७ |
| श्री राजन अंग राना - | " | " | ८ |
| श्री शेषकान्त भण्डारी - | " | " | ९ |
| श्री विजय नाथ धोबी - | " | " | १० |
| श्री दिलिप कुमार यादव - | " | " | ११ |
| श्री करुन्जन श्रेष्ठ - | " | " | १२ |
| श्री सतिश प्रसाद मरवनी - | " | " | १३ |

सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही
५ नं. प्रदेश नेपाल

श्री प्रेम कुमार सेन्चुरी - न.पा. सदस्य

श्री रामदास हरिजन - ,, ,,

श्री लक्ष्मी पाण्डे - ,, ,,

बिन्नी श्री बिन्नी कुमारी औरि - ,, ,,

श्री इन्दिरा देवी क्षेत्री - ,, ,,

श्री रूपा देवी सुनार वराइली ,, ,,

श्री गुमान सिंह सुनार - ,, ,,

श्री शिव श्रेष्ठ - ,, ,,

श्री गोपाल प्रसाद रेग्मी - सदस्य सचिव

विषयहरु :-

१- नगर कार्यपालिकाको न्यायीक समिति गठन सम्बन्धमा

२. विविध

गोपाल प्रसाद रेग्मी
कार्यकारी अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय

निर्णय नं. १

नेपालको संविधान २०७२ को धारा २१७ (१) बमोजिम गठन हुने न्यायीक समितिमा यस नगरपालिकाका उप प्रमुखको संयोजकत्वमा देहाय बमोजिमको सदस्यहरु रहने गरी आगामी नगर सभावाट अनुमोदन गर्ने गरी तीन सदस्यीय न्यायीक समिति गठन गर्ने निर्णय गरियो ।

श्री उमा काफ्ले – उप प्रमुख, संयोजक
श्री उमेश थापा – वडा सदस्य ८, सदस्य
श्री केदारमान राजभण्डारी – वडा सदस्य १३, सदस्य

निर्णय नं. २ . विविध

(१) नेपाल तेक्वान्दो संघ, रुपन्देही जिल्ला तेक्वान्दो कार्य समितिको मिति २०७४।६।२० च.नं. १७ को पत्रानुसार दक्षिण कोरियामा हुने अन्तराष्ट्रिय प्रतियोगीतामा भाग लिन जानकालागी यस न.पा.का स्थानीय खेलाडीहरुलाई प्रोत्साहन स्वरुप खेलकुद कार्यकमा छुट्टाईएको रकमवाट रु. १,००,०००। एक लाख सहयोग गर्ने निर्णय गरियो ।

(२) सि.न.पा. वडा नं. ५ स्थित रामपथको तरकारी वजार (सब्जी मण्डी) देखी जिल्ला प्रशासन कार्यालय जाने बाटोमा पर्ने सब्जी मण्डी न.पा. अन्तरगतका कवलहरु, रेडकसको सटरहरु (सार्वजनिक स्थलमा रहेको) संरचनाहरु हटाउनकालागी ३५ दिने सुचना प्रकाशित गरी रेडकसलाई जानकारी गराउने निर्णय गरियो ।

(३) विसौं नगर सभावाट पारित गरीएका योजना मध्ये केही वडाका योजना शहरी विकास कार्यालयवाट समेत सोही योजना पारित गरेको देखिन आएकोले एउटै योजना दोहोरिन गएको हुँदा न.पा.वाट वडालाई छुट्टाएको योजना सोही वडाको अन्य स्थानमा गर्ने निर्णय गरियो ।

(४) वर्तमान विज्ञान तथा प्रविधी मन्त्री श्री दिपक बोहराको घर पछाडीको नाला बनी सकेको हुँदा उक्त स्थानमा ग्रेभल गर्ने निर्णय गरियो ।

(५) वडा दशै तथा दिपावलीमा वडा वडामा रहेका मठ मन्दीरमा पुजाआजा गर्न र वडाहरुमा स्थापना हुने दुर्गाका मुर्तिहरुलाई सहयोग गर्न वडा अध्यक्ष मार्फत भुक्तानी दिने गरी जनही प्रति वडाहरुलाई रु. १०,०००।-दश हजारका दरले हुने जम्मा रु. १,३०,०००।- एक लाख तीस हजार अनुदान भुक्तानी दिएको अनुमोदन गरियो ।

(६) यस कार्यालयमा रहेका जिप, टेक्ट्रर, रोलर, बारुणयन्त्र आदीलाई अष्टमीमा गाडी पुजा गर्न ड्राईभरहरुलाई दिएको पुजा खर्च जम्मा रु. ५२,०००।- वाउन्न हजार अनुमोदन गरियो ।

(७) प्रमुख, उप प्रमुख एवं का.अ. ज्युको सवारी साधन चलाउने ड्राईभरहरु प्रमुख ज्युको सचिवालयमा बस्ने पिए, कार्यालय सहयोगी तथा वेलहिया स्थीत पार्किङ्ग क्षेत्रमा खटेका कर्मचारीहरु सार्वजनिक विदाको दिनमा समेत काम गर्नुका साथै अतिरिक्त समयमा पनि काम गर्नु पर्ने भएकोले खटेको समय देखी लागु हुने गरी निजहरुलाई माशिक रुपमा रु. २०००।- दुई हजार मात्र सार्वजनिक बिदामा काम गरे वापत पारिश्रमिक दिने निर्णय गरियो ।

(८) सि.न.पा. वडा नं. ४ स्थित ढाके खेलकुद तथा साँस्कृतिक परिवारलाई साँस्कृतिक कार्यकमकालागी अनुदान दिएको रु. ५,०००।- पाँच हजार अनुमोदन गरियो ।

(९) यस नगरपालिकाको आर्थिक बर्ष २०७४/ २०७५ को भाद्र महिना सम्म आन्तरिक र वाहय स्रोत विभिन्न शिर्षकहरुमा भएको कुल रु. १६,९०,४३,३९८।१० (सोरह करोड नब्बे लाख त्रिचालिस हजार तीन सय अन्ठानब्बे पैसा दश). तथा खर्च तर्फ विभिन्न शिर्षकहरुमा भएको यथार्थ खर्च रु. २,१५,४२,९०८।१४ (दुई करोड पन्द्र लाख बयालीस हजार नौ सय आठ पैसा चौध) वारे आजको बैठकमा जानकारी भयो ।

निर्णय नं. १०

सिद्धार्थनगर नगरपालिकाको आ.ब. २०७४/७५ को लागि मिति २०७४।२।३० मा प्रकाशित सूचना बमोजिम मिति २०७४।३।३० मा परेका टेण्डरहरु मध्ये किशन जनरल अर्डर सप्लायर्सको टेण्डर स्वीकृत भई समान सप्लाई गर्नका लागि किशन जनरल अर्डर सप्लायर्स र सिद्धार्थनगर नगरपालिका कार्यालय बिच मिति २०७४।६।७ मा सम्झौता भएको । उक्त टेण्डरको साथमा ३० वाट तथा ६५ वाटका CFL बल्बहरु राजधानी कम्पनीको sample पेश गरेको । सम्झौता पश्चात सामान माग गर्दा उक्त कम्पनीको ३० वाट र ६५ वाटको बल्ब उपलब्ध हुन नसकेकोले पेश गरेको sample बमोजिमको बल्ब उपलब्ध हुन नसकी अन्य कम्पनिको बल्ब खोजि गर्ने क्रममा ३० वाट र ६५ वाटको गुणस्तरीय CFL बल्ब नेपाल भर प्राप्त हुन नसकेको हुँदा ३० वाट तथा ६५ वाट बल्बको सट्टामा हिमस्टार कम्पनीको २६ वाट र ४५ वाटको बल्ब बजारमा प्राप्त भएको सो एक बर्षको ग्यारेन्टी भएको बल्ब उपलब्ध गराउन सकिने भएकोले टेण्डरमा पेश गरेको ३० वाट तथा ६५वाटको Sample CFL बल्बलाई संसोधन गरी दिनु हुन अनुरोध छ भनी मिति २०७४।६।६ मा किशन जनरल अर्डर सप्लायर्स सिद्धार्थनगर ३ दरखसवाका प्रो. किशन पटवाको निवेदन पर्न आएको व्यहोरा बोर्ड बैठकमा जानकारी भयो ।

सो सम्बन्धमा बजारको स्थिती बुझ्दा ३० वाट तथा ६५ वाटको कुनैपनि गुणस्तरिय CFL बल्व बजारमा उपलब्ध हुन नसकेको अन्य बल्बको तुलनामा हिमस्टारको बल्ब गुणस्तरिय हुने भन्ने बुझिन आएकोले प्रोपराईटरको माग अनुसार २६ बाटको तथा ४५ बाटको हिमस्टार कम्पनिको बल्बको बजार दररेट बुझ्दा ३० वाटको तथा ६५ वाटको अन्य बल्बको तुलनामा टेण्डरमा परेको दररेट भन्दा बढी दररेट पर्नजाने भएतापनि टेण्डर बमोजिमको दररेटमा उपलब्ध गराउने भनी निवेदन पर्न आएको देखिएको हुँदा टेण्डरमा जुनसुकै कुरा लेखिएको भएतापनि हिमस्टार कम्पनिको ३० वाट तथा ६५ वाटको CFL बल्बको सट्टामा २६ वाट तथा ४५ वाटको हिमस्टार कम्पनिको बल्ब टेण्डरकै दररेटमा खरीद गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

सिद्धार्थनगर नगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार Preparation of Integrated Urban Development Plan (IUDP) of Siddharthanagar Municipality को लागि परेका ३ (तीन) वटा प्रस्तावदाताहरु 1.) RIDARC Nepal Pvt. Ltd. - RARA Engineering Consultant Pvt. Ltd. - Kalika Engineering Consultancy JV, Lalitpur 2.) Sitara Consultant (P.) Ltd. (SITARA) and Civil Informatics and Solutions (P.) Ltd. (CIAS) JV Chakupat, Lalitpur (SITARA-CIAS) JV र 3.) Technocrat Consultancy Pvt. Ltd.- Naya Rastriya Engineering Consultancy Pvt.Ltd.- A.P.Engineering Design Solution Pvt. Ltd. (TC – NREC - AEDS) JV बाट Request for Proposal (RFP) माग भए अनुसार पेश हुन आएका ३ वटा प्रस्तावदाताहरु 1.) RIDARC Nepal Pvt. Ltd. - RARA Engineering Consultant Pvt. Ltd. - Kalika Engineering Consultancy JV, Lalitpur 2.) Sitara Consultant (P.) Ltd. (SITARA) and Civil Informatics and Solutions (P.) Ltd. (CIAS) JV Chakupat, Lalitpur (SITARA-CIAS) JV र 3.) Technocrat Consultancy Pvt. Ltd.- Naya Rastriya Engineering Consultancy Pvt.Ltd.-A.P.Engineering Design Solution Pvt. Ltd. (TC – NREC - AEDS) JV हरुको मूल्यांकन समितिको मिति २०७४।० को सिफारिस अनुसार निम्न अनुसार अंक प्राप्त गर्ने ३ वटा Consultant हरुलाई सोही Evaluation Criteria को आधारमा छनौट गरी स्वीकृतीका लागि पेश हुन आए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

| No. | Consultant | Score | Ranking |
|---|---|---|---|
| 1 | RIDARC Nepal Pvt. Ltd. - RARA Engineering Consultant Pvt. Ltd. - Kalika Engineering Consultancy JV, Lalitpur | 990.35 | 1 |
| 2 | Sitara Consultant (P.) Ltd. (SITARA) and Civil Informatics and Solutions (P.) Ltd. (CIAS) JV Chakupat, Lalitpur (SITARA-CIAS) JV | 822.80 | 2 |
| 3 | Technocrat Consultancy Pvt. Ltd.- Naya Rastriya Engineering Consultancy Pvt.Ltd.-A.P.Engineering Design Solution Pvt. Ltd. (TC – NREC - AEDS) JV | 723.70 | 3 |

निर्णय नं.

सिद्धार्थनगर नगरपालिका अन्तर्गत वडा नं. ९ प्रभात पथ स्थित तसविहुन निसाले पेश गरेको घर नक्सा पास सम्बन्धमा निजले पेश गरेको निवेदन अनुसार छलफल हुँदा निजको नक्सा पास गर्दा साबिककै मापदण्ड नौ मिटर अनुसार नै सेटव्याक रहने गरी गर्ने तर सडक निर्माण गर्दा मुआब्जा नदिई नाली सहित १२ (बाह्र) मिटर हुने गरी गर्ने । पछि नाली सहित बाह्र मिटरको सडक निर्माण भई सकेपछि निजको संरचनामा सेटव्याक हिसाब गर्दा साबिककै मापदण्ड (९ (नौ) मिटर सडक चौडाई) अनुसार गर्ने गरी निजले पेश गरेको नक्सा स्वीकृत गर्ने निर्णय गरियो ।